**निर्णय नं. १**

स्याङ्गजा जिल्लाको आ.व.०७०/०७१ को जिल्ला स्तरीय वार्षिक समिक्षा गोष्ठी मिति २०७१/०४/२२ र २३ गते स्थानीय विकास अधिकारी श्री जीवनप्रकास सिटौला ज्यूको अध्यक्ष, प्रमुख जिल्ला अधिकारी श्री दिनेश कुमार घिमिरे ज्यूको प्रमुख आतिथ्यता र जिल्ला स्तरीय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि, कार्यालय प्रमुखज्यूहरु, पत्रकार, नागरिक समाज अन्य सरोकारवाला महानुभावहरुको उपस्थितिमा आ-आफ्नो कार्यालय एवं संघ संस्थाको योजना तथा कार्यक्रमको प्रस्तुतिकरण गर्ने काम सम्पन्न भयो । प्रस्तुतीकरण भएका सरकारी र गै.स.स.निकायका कार्यक्रममा देखिएका देहायमा उल्लेखित सवल पक्षहरुलाई दिगो वनाउने र कमजोर पक्षहरुको सम्वन्धमा सहभागिले राख्नु भएको जिज्ञासालाई मनन गर्दै आगामी दिनमा सुधार गरेर जानु पर्ने तर्फ सम्वन्धीत निकायको ध्यान आकर्षण गराउने निर्णय गरियो ।

**देखिएका मुख्य मुख्य अनुकरणीय कार्यहरु**

**आर्थिक विकास क्षेत्रगत रुपमा** :

- जिल्ला खाद्यान्नमा आत्म निर्भर हुने तर्फ गएको ।
- जिल्लामा उत्पादित सुन्तला अदुवा तरकारी कफी तथा मह जिल्ला वाहिर निर्यात हुन थालेको ।
- सुन्तला बगैचा स्थापना भएको ।
- सिताके च्याउ उत्पादन गरिएको र वाली उपचार शिविर संचालन गरिएको ।
- आलु विऊ उत्पादन कार्यक्रम शुरु गरिएको ।
- तुल्सीभञ्ज्याङ्ग, लामागे, दार्सिङ्गदहथुम मा गाई, भैसी तथा वाखा पालनमा उदाहरणीय कार्य भएको ३ वटा गाई फर्म स्थापना गरि हाल दैनिक २२० लि. दुध उत्पादन गरिएको ।
- सितभण्डार स्थापनाको कार्य थालनी गरिएको ।
- आँधीखोला दुध चिसाउने केन्द्र संचालनमा ल्याईएको ।

**वन तथा वातावरण क्षेत्रगत रुपमा** :

- सामुदायिक बन उपभोक्ता समितिमा महिला सहभागिता र सक्रियता वृद्धि भएको ।
- अमिस्रो, डाले घांस रोपण कार्य सफल रुपमा सम्पन्न भएको
- समुदायमा आधारित कार्यक्रम बढी प्रभावकारी भएको ।
- संयुक्त अनुगमन कार्य प्रभावकारी भएको ।
- विपन्न परिवारहरुमा धुवारहित चुल्हो निर्माण कार्य भएको ।
- साझेदारी एवं समन्वय गरि विभिन्न संरक्षण कार्य संचालन गरिएको ।
- जलवायू परिर्वतन तथा पञ्चासे क्षेत्र संरक्षण कार्यमा विषेश कार्यहरु भईरहेका ।

**सामाजिक क्षेत्रगत रुपमा** :

- वाल विकास केन्द्रको विस्तार भएको, ५ वर्षे वाल रणनीतिक योजना निर्माण ।
- दलित, अपाङ्ग छात्रवृति वितरण, शैक्षिक सामाग्री तथा विद्यालय अनुदान कार्यक्रममा वृद्धि ।
- वृहत स्वास्थ्य शिविर, घुम्ती सेवा शिविर तथा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको ।
- सामाजिक परीक्षणकार्यको थालनी भएको ।
- महिला समुहहरुको संस्थागत विकासमा सुदृढीकरण तथा भौतिक पूर्वाधारको विकास, लैङ्गीक हिंसा विरुद्ध व्यापक जनचेतना अभिवृद्धि ।
- विभिन्न समितिहरुमा महिला नेतृत्वको वृद्धि भइरहेको ।
- लक्षित वर्गको कार्यक्रम छनौट तथा कार्यान्वयनमा जागरण पैदा भएको ।

**भौतिक पूर्वाधार विकास क्षेत्रगत रुपमा :**

- वर्षातको पानी संकलन तथा गुणस्तर सुधार कार्यक्रम भएको ।
- आधारभूत खानेपानी प्राप्त गर्नेको संख्या ८६.१० प्रतिशत भएको ।
- आधारभूत सरसफाई सेवा प्राप्त गर्नेको संख्या ८८.२५ प्रतिशत भएको ।
- लिफ्टीङ खानेपानी योजनाहरु सफल रुपमा सम्पन्न ।
- यस वर्ष सम्ममा सवै गा.वि.स.तथा न.पा.मा खुल्ला दिशा मुक्त गाविस घोषणा गरिएको ।
- जिविसको आन्तरिक आयमा ८२ प्रतिशतले वृद्धि भएको ।
- जिविसको आन्तरिक क्षमता विकासको लागि कार्यविधिहरु निर्माण भएको ।
- गाउँ विकास समितिको सघन अनुगमन  भएको ।
- २३८ हेक्टर जमीनमा थप सिंचाई  सुविधा भएको ।
- ३३५ सडकहरुको स्तरोन्नती भएको, १०।३ कि.मी. थप सडक कालोपत्रे (ओटाशिल) भएको ।

**देखिएका मुख्य मुख्य समस्याहरु**

**आर्थिक विकास क्षेत्रगत रुपमा :**

- कृषी  तथा पशुसेवा कार्यालयका सेवाकेन्द्रस्तरीय भवनहरु जिर्ण हुदै गएका,
- पशु सेवा कार्यालयको भवन पुरानो र सानो भएकोले नियमित कार्य, वैठक तालिम आदि संचालन गर्न कठिन भएको,
- लक्ष्य अनुसार प्रगति हासिल हुन नसकेको
- सिजन अनुसार मल प्राप्त हुन नसकेको,
- कार्यालयमा जिल्लाको आवश्यकता अनुसारको कार्यक्रम संचालन गर्न बजेट प्राप्त हुन नसकेको,

**वन तथा वातावरणक्षेत्रगत रुपमा :**

- वन क्षेत्र भित्र विना इजाजत वाटो निर्माण हुने गरेको ।
- मोटरवाटो जथाभावी खन्ने कार्यले भू-क्षय वढेको ।
- बजेट न्यून भएकोले माग अनुसार कार्य गर्न नसकिएको ।
- कार्यक्रम संचालन सम्वन्धमा स्पष्ट मापदण्ड नहुनु ।
- स्याङ्जा क्षेत्रको उपभोक्ताहरु विकास निर्माणमा सक्रिय हुन नसकेका ।
- चरीचरणको चाप, अनुत्पादक माटो  भएको ।
- दक्ष जनशक्तिको पलायन ।

**समाजिक क्षेत्रगत रुपमा :**

- जनशक्ति र भौतिक पूर्वाधारको कमी भएको ।
- प्रतिभा पलाएन हुने प्रवृत्ति तथा प्रवासन (वसाईसराई) रोक्न उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने ।
- स्वास्थ्य संस्थाहरु त्था स्वयं सेविकालाई  कतिपय गाविसले बजेट उपलव्ध नगराएको ।
- सुरक्षित मातृत्वको लागि प्रोत्साहन कम  भएको ।
- विद्यालय एकीकरण र समायोजन  भएको ।
- भर्नादरमा लक्ष्य अनुसार वृद्धि गर्न नसकिनु
- विचमा विद्यालय छाड्ने दर घटेको ।
- आचार संहिताको पालना गराउन कठिन भएको ।
- विद्यालयहरुलाई राजनीति मुक्त बनाउन नसकिएको ।

**भौतिक पूर्वाधार क्षेत्रगत रुपमा :**

- खानेपानी योजना संचालन गर्दा श्रोत को विवाद हुने गरेको ।
- आपतकालिन बजेटको अभाव (वर्षायाममा कुलोको प्रयोग हुने वाढीले नष्ट गर्ने तर बजेटको अभावले तत्काल सहयोग गर्न नसकिने ।
- सिंचित क्षेत्रमा अतिक्रमण, शहरीकरण वढदो भएको ।
- विकासमा जनसहभागिता र चासो घट्दै गएको जनसहभागिता जुटाउन कठिन भएको ।
- विद्युतको समस्याले सेवामा सुधार गर्न कठिन भएको ।
- उपभेक्ता समिति कार्यविधि अनुसार गठन नभएको ।
- उपभोक्ता समितिले जथाभावि नयां ट्र्याक खोल्ने गरेको ।
- उपभोक्ताहरुले समयमै योजना सम्झौता र फरफारक गर्न चासो नदेखाउनु ।
- मेशिनरी सामानको अनियन्त्रित प्रयोग हुने गरेको ।
- आन्तरिक आयश्रोतको ठेक्का समयमा र उचित तवरले लगाउन नसकिनु
- अनुदान तर्फको कर्मचारीको तलब निकासा नपुग भएको ।
- सिंचाई योजनाहरु दिगो रुपले सेवा प्रदान गर्न असफल । पुराना र जिर्ण सिंचाई योजनाहरुलाई सामान्य तथा वृहत मर्मत गरि सेवा योग्य वनाउनु पर्नेमा सो अनुसार बजेट व्यवस्था नहुदा अधिकांश कृषकहरु मर्कामा ।

**छलफलमा उठेका विषयहरु तथा सुझावहरु :**

- जिल्लामा उत्पादनमा वाह्य बजार भन्दा स्थानीय बजारलाई महत्व दिनुपर्ने
- जडिवुटि पहिचान, संकलन, प्रशोधन र प्रयोगमा सामुहिक रुपमा पहल गर्नुपर्ने
- दरवन्दी मिलानमा अझै अध्ययन नपुगेको OD गर्नुपर्ने ।
- विद्यालय गाभिनु को कारण तथा औचित्यको पुष्टयाई हुनुपर्ने ।
- शिक्षामा अत्याधिक सरकारी लगानी हुदा हुदै पनि सो अनुसारको गुणस्तर कायम हुन नसकेको । विद्यालयहरुलाई सहकारीकरण गर्दा राम्रो हुने
- जिल्ला स्तरीय समिक्षा कार्यक्रममा केहि कार्यालय प्रमुखहरुको अनुपस्थिति रहनु ।
- शिक्षकहरुले विद्यालय  सम्वन्धि चासो भन्दा राजनीति र उपभोक्ता समितिमा बस्न बढी चासो दिएको ।
- उदाहरणीय सामुदायिक विद्यालयलाई प्राथमिकता दिनुपर्ने ।
- जिल्ला स्तरीय कार्यालयको जिल्ला भरी पहुच भएन ।
- पानीका श्रोत तथा अन्य भूक्षय जोगाउन जाली वितरण गर्नुपर्ने ।
- विषयगत कार्यालयहरुका योजना जिल्ला परिषद्वाट छनौट गरिएका नपरि अन्यत्रवाट भनसुनका आधारमा परेका ।
- जलउत्पन्न प्रकोप नियन्त्रण कार्यालयको योजनाको अनुगमन प्रभावकारी भएन । योजना पनि सन्तुलित नभएको ।
- खानेपानी योजनाहरु लिफ्टिङ भन्दा आकाशे पानी संकलन राम्रो हुने गरेको ।
- उपभोक्ता समितिको लेखापरीक्षण गर्नुपर्ने ।
- नगरपालिकाको बजेट आयमुलक क्षेत्रमा खर्च नभएको ।
- महिला लक्षित कार्यक्रम पार्टीगत रुपमा वितरण गरिएको वास्तविक लक्षित समुहमा पुगेन -निर्देशिका बमोजिम भएको ।
- आवधिक योजना तयार भएन ।

- फोहरमैला व्यवस्थापनको दीर्घकालिन योजना नवनेको ।
- उपभोक्ता समितिको पूनर्गठन, योजना हस्तान्तरण तथा क्षमता विकास सम्वन्धमा ।
- सडक बालबालिका र मजदुरहरुलाई पनि समेटर कार्यक्रम बनाउनु पर्ने ।
- बाल संरक्षण समितिहरुको समयावधि नतोकिएको ।
- कार्यालयमा सेवा लिन जांदा महिलाहरुलाई विशेष प्राथमिकता दिनुपर्नेमा सो भए गरेको पाइएन (विशेष गरी विपन्न र ग्रामीण महिलाहरुलाई)
- समयको सवैले ठिक ढंङ्गले पालना गर्नुपर्ने ।
- कृषि मजदुरको ज्याल निर्धारण हुनुपर्ने ।
- NGO Desk निर्माण तथा प्रतिनिधित्व व्यवस्थित हुनु पर्ने ।
- विद्युत प्राधिकरण उपस्थित नहुनाको कारण खुलाउनु पर्ने ।
- सवैले आ-आफ्नो संगठनको आत्म समिक्षा गर्नुपर्ने ।
- जिल्लाको विकासको सोलोगान अनुसार बजेट तथा कार्यक्रम तर्जुमा हुनपर्ने ।
- जि.वि.स.ले कृषि क्षेत्रमा लगानी वढाउनु पर्ने ।
- सडक निर्माणको लगानीमा तथा अन्य केही योजना तथा कार्यक्रममा दोहोरोपना देखिएको ।
- रु ५ लाख भन्दा माथि तथा ठुला प्रकृतिका योजनाहरु निर्माण व्यवसायि मार्फत संचालन गर्न उपयुक्त हुने र उपभोक्ता समितिलाई सहयोग समितिको रुपमा परिचालन गराईनु पर्ने ।
- सवै विषयगत निकायहरुमा जि.वि.स., जिल्ला वन कार्यालयमा जस्तै दलिय संयन्त्र तयार पारि योजना तर्जुमा एवं कार्यान्वयन हुनु पर्ने ।
- आर्थिक, सामाजिक रुपान्तरण हुने तथा दीर्घकालिन प्रतिफल दिने दृष्टीकोण निर्माण गरि कार्यक्रम संचालन गर्नुपर्ने ।
- तुलनात्मक रुपमा २ आ.व.को प्रस्तुती गरिनुपर्ने ।
- यूवाहरुको पलायन रोक्न रोजगारमूलक कार्यक्रम तर्जुमा हुनुपर्ने ।
- सवै विषयगत कार्यालयहरु सँग समन्वय र साझेदारी गर्न तथा सहभागितात्मक योजना तर्जुमा पद्धति व्यवस्थित ढंङ्गवाट अवलम्वन गर्न नसकिएको ।
- गै.स.स.ले कार्यक्रम कार्यान्वयन गर्दा सेवा सुविधा पुग्न नसकेको क्षेत्रमा विस्तार गर्न पर्ने ।
- गरीबी मापन तथा तथ्याङ्क प्रकाशन गर्दा शाखा तथ्याङ्क कार्यालय सँग समन्वय गर्नुपर्ने ।
- गै.स.स.का कार्यक्रम Software केन्द्रीत रहेका ।
- भवन निर्माण गर्दा आचार संहिता पुरा गरिनु पर्ने ।
- निर्वाचन गर्ने कार्यक्रम रहेको हुँदा जिल्ला भित्रका सवै सडक सूचारु गर्नुपर्ने ।
- Land Use Zoning Plan तयार गर्नुपर्ने ।
- आवद्यीक तथा वार्षिक योजना निर्माण र कार्यान्वयनमा दलिय प्रतिनिधिले विशेष ध्यान दिनुपर्ने,
- सवै कार्यालयहरुले वित्तिय उत्तरदायित्व (पे.फ) वहन गर्नुपर्ने ।
- Coordination, Overlapping र Duplication हटाउन सवै निकायले विशेष ध्यान दिनुपर्ने ।
- जिल्लास्तरका नेताहरु उपभोक्ता समितिमा नवस्ने ।
- मन्त्रालयले जि.वि.स.लाई अनुदान दिदा एउटै मापदण्ड तथा Flat rate लागू गर्न नहुने । जनसंख्या र अन्य सूचकहरुको आधारमा अनुदान घटीवढी हुनुपर्ने ।

**समिक्षा कार्यक्रमका सन्दर्भमा :**

- हल राम्रो तथा व्यवस्थित र सुविधा सम्पन्न भएको ।
- जिल्ला स्थित कार्यालयहरुको समस्टिगत तथा औशत रुपमा वित्तिय प्रगति ९२।९२ र भौतिक प्रगति ९४।५३ प्रतिशत रहेको ।
- कार्यालयले प्रस्तुत गर्नु अघि एक एक प्रति प्रगति विवरण सरोकारवाला सहभागिहरुलाई उपलव्ध गराउनुपर्ने ।
- प्रस्तुतीको लागि कार्यालयलाई समय उपलव्ध गराउदा कार्यालयको कार्यक्रम हेरी समय थपघट गरि उपलव्ध गराउनु पर्ने ।
- २३ सरकारी कार्यालय र अन्य संघ संस्था गरी ५ गरि २८ वटाको प्रस्तुती भएको र नेपाल विद्युत प्राधिकरण स्याङ्जा शाखा, कृषि विकास वैंक अनुपस्थित रहेका ।
- अति व्यस्तताका बावजुत पनि प्रमुख जिल्ला अधिकारी, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि, कार्यालय प्रमुख, पत्रकार, विभिन्न संघ संस्था लगायत सरोकारवालाहरुको समिक्षा गोष्ठीमा राम्रो उपस्थिति रह्यो, कुल ७८ जनाको सहभागिता रहेको र उपस्थित सवैको सक्रिय सहभागिता रह्यो ।
- सहभागिहरुवाट जिल्लाको विकास सम्वन्धमा निकै चासो राख्नु भएको पाइयो ।
- सहभागिहरुवाट अत्यन्त समसामयिक र  सान्दर्भिक विषयमा सुझाव एवं प्रतिक्रियाहरु व्यक्त भएका ।
- प्राप्त सुझावहरुलाई सम्पूर्ण कार्यालयका प्रमुख एवं प्रतिनिधहरुले सहज ग्रहण गरी भएका विषयवस्तुलाई स्पष्ट पार्ने र कमी कमजोरीहरुलाई हटाउने प्रतिवद्धता व्यक्त गर्ने कार्य भयो ।

**निर्णय नं. २**

जिल्ला स्थित विषयगत कार्यालयहरुको बजेट विनियोजन गर्दा राजनैतिक दलका प्रतिनिधिहरुलाई समेत सहभागि गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

नेपाल विद्युत प्राधिकरण स्याङ्जा र अन्य केही विषयगत कार्यालयहरुले कतिपय योजनाहरु जिल्ला परिषद्‌वाट स्वीकृत योजना भन्दा वाहीरका योजनाहरु आफ्नो वार्षिक कार्यक्रममा समावेश गरि कार्यान्वयन गरेको तथा बार्षिक समिक्षा वैठकमा अनुपस्थित रहेको हुँदा उक्त कार्यालयहरुलाई जिल्ला परिषद्‌वाट स्वीकृत कार्यक्रम संचालन गर्न, सहभागितात्मक योजना तर्जुमा तथा कार्यान्वयन प्रकृयामा सहभागि हुने प्रवन्धका लागि आवश्यक व्यवस्था मिलाउन सम्वन्धीत केन्द्रिय निकायहरुमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस समिक्षा गोष्ठीमा नेपाल विद्युत प्राधिकरण स्याङ्जा अनुपस्थित रहेको हुँदा उक्त कार्यालयलाई ध्यानार्कषण गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

जिल्ला विकास समिति र विषयगत कार्यालयहरुले संचालन गर्ने योजना कार्यक्रममा दोहोरोपन हटाउने, जिल्ला परिषद् सम्ममा हुने विषयगत समितिको वैठकमा सम्वन्धित विषयगत कार्यालयले आफ्नो मन्त्रालय समन्वय गर्नु पर्ने तर्फ ध्यान दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

विषयगत कार्यालयको कार्यक्रमको पनि जिल्ला स्तरीय अनुगमन समितिले प्रभावकारी अनुगमन गर्ने र समिक्षामा राम्रो प्रगति हासिल गर्ने कार्यलयको मनोवल उच्च पार्ने र कार्यालयहरु विच प्रतिस्पर्धात्मक वातावरण निर्माण गर्न पुरस्कृत गरी प्रोत्साहन गर्ने कार्यका लागि आवश्यक व्यवस्था मिलाउने समेत निर्णय गरियो ।

**निर्णय नं. ७**

विद्यमान राजनैतिक सङ्क्रमणको समयमा समेत जिल्लामा संचालित अधिकांश कार्यक्रमको प्रगति राम्रो भएकोले सम्वद्ध सवैलाई धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

राष्ट्रिय योजना आयोगले आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा जिल्लाका सम्वन्धीत आवधिक योजना र वार्षिक योजना संग समन्वय गरि तयार गर्न सम्वन्धित निकायमा सुझाव प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस जि.वि.स.र विषयगत कार्यालयहरुको आ.व.०७०/०७१ को रकम निकासा र खर्च एवं प्रगतिको स्थिती देहाय बमोजिम रहन गएको हुँदा देहाय बमोजिमको समिक्षात्मक बजेट तथा कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।